*"जलस्रोत, जडिवुटी, कृषि, पर्यटन, उद्योग र व्यापार  स्वच्छ वातावरण, सर्वसुलभ शिक्षा, स्वास्थ्य र रोजगार समतामूलक, सुशासित, सम्बृद्ध बझाङ्गको आधार"*

# जिल्ला विकास समिति वझाङ्गको जिल्ला परिषद, २०७२ को सार्वजनिकिकरण समारोहमा निमित्त स्थानीय विकास अधिकारी श्री सूर्य प्रसाद गौतमद्धारा प्रस्तुत् आ.व.२०७३।०७४ को नीति, कार्यक्रम तथा बजेट वक्तब्य

**मिति : २०७२ फाल्गुण १२ गते**

यस गरिमामय जिल्ला परिषद २०७२ को नीति, कार्यक्रम तथा वजेट सार्वजनिकीकरण समारोहका प्रमुख अतिथि माननीय सांसद लाल वहादुर रावल ज्यू, मञ्चमा आसिन विशिष्ट अतिथि माननीय सांसद अफिलाल ओखेडा ज्यू, विशिष्ठ अतिथि माननीय सांसद जनक वुढा ज्यू, विशेष अतिथि पूर्व मन्त्री तथा राज्यमन्त्री ज्यूहरु, माननीय जिल्ला न्यायाधिश ज्यू, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, प्रमुख जिल्ला अधिकारी ज्यू, सुरक्षा निकायका प्रमूख एबं सम्पूर्ण कार्यालयका प्रमूख ज्यूहरु, जिल्ला समन्वय समितिका उपाध्यक्ष ज्यूहरु, ज.न.पा.का कार्यकारी अधिकृत ज्यू, गा.वि.स. सचिव ज्यूहरु, पत्रकार महासंघका अध्यक्ष ज्यू लगायत सम्पूर्ण पत्रकार, संचारकर्मी मित्रहरु, गै.स.सं. महासंघका अध्यक्ष ज्यूहरु, नागरिक समाजका अगुवा ज्यू, गैर सरकारी संस्थाका प्रमुख/ प्रतिनिधिहरु ज्यूहरु, कर्मचारी साथीहरु, उपस्थित सम्पूर्ण समाजसेवी, वुद्धिजीवि, कानून व्यवसायी, शिक्षक, युवा, महिला, विद्यार्थी, वालवालिका, जेष्ठ नागरिक लगायत आमन्त्रित सम्पूर्ण वझाङ्गवासी दाजुभाइ तथा दिदी वहिनीहरु ।

सर्वप्रथम यस गरिमामय जिल्ला परिषदलाई अत्यन्त महत्व दिइ आफ्नो अमुल्य समय प्रदान गर्नु भएकोमा आजका प्रमुख अतिथि माननीय सांसद लाल वहादुर रावल ज्यूमा जिल्ला विकास समिति वझाङ्ग र सम्पूर्ण वझाङ्ग वासीहरुको तर्फवाट ह्रदय देखि नै आभार एवम् कृतज्ञता व्यक्त गर्न चाहन्छु साथै विशिष्ठ अतिथि, विशेष अतिथि ज्यूहरु, अतिथि ज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

देशको ऐतिहासिक प्रजातान्त्रिक आन्दोलन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना तथा इतिहासका विभिन्न कालखण्डहरुमा जनाधिकार, लोकतान्त्रिक मुल्य मान्यताको स्थापनाको लागि शहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

लामो समयदेखि जनप्रतिनिधिविहीन अवस्थाका वावजुद पनि यस वर्षको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरुमा सम्पूर्ण राजनैतिक दल, विषयगत कार्यालय, सरकारी तथा गैर–सरकारी संस्थाहरुले जिल्ला विकास योजना तर्जुमाको प्रक्रियामा खेल्नु भएको भूमिकालाई म ह्रदयदेखि नै सह्राहना गर्दछु ।

जिल्ला विकास समितिबाट संचालित सम्पूर्ण विकासका कार्यक्रमहरु स्थानीय विकास अधिकारीको समन्वय र सर्वदलीय सर्वपक्षीय सहभागितामा भई राखेको कुरा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई अबगत नै छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ ले निर्दिष्ट गरे अनुसार, राष्ट्रिय योजना आयोग र मन्त्रालयवाट प्राप्त मार्गदर्शन तथा सिलिङ र वझाङ्ग जिल्लाको आवधिक जिल्ला विकास योजना, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि,२०६९ को आधारमा रही आगामी आ.व.को लागि प्रस्ताव गरिएका कार्यक्रमहरु सहभागितात्मक योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै स्वीकृतिका लागि जिल्ला परिषदमा पेश गरिने यो प्रजातान्त्रिक विधि र संस्कारलाई आत्मसात गर्दै म गत आ.व.को यथार्थ आय व्यय, चालु आ.व.को संशोधित वजेट तथा कार्यक्रम र आगामी आ.व.२०७३/०७४ को प्रस्तावित कार्यक्रमहरु यस गरिमामय परिषद मार्फत सार्वजनिकीकरण गर्न चाहन्छु ।

गत आ.व.मा जि.वि.स. आन्तरिक आय, राजस्व बाँडफाड र डोजर भाडा  तर्फ रु. १ करोड  २० लाख ५० हजार  ५ सय ९ प्रक्षेपण गरिएकोमा रु. १ करोड २२ लाख ४६ हजार ५ सय ८ यथार्थ आम्दानी भएको

छ । जसमध्ये रु. ८५ लाख ७१ हजार ५ सय ८२ गत आ.व.मा खर्च भई रु.३६ लाख ७४ हजार ९ सय २५ यस वर्षको लागि जिम्मेवारी सर्न आएको छ । विभिन्न दातृ निकाय र विशेष कोषहरुमा रु. २ करोड ६७ लाख ४१ हजार २ सय ३६ प्राप्त भएकोमा रु. १ करोड ६२ लाख ९८ हजार ६ सय ६७ खर्च भई रु.१ करोड, ४४ लाख, ४५ हजार ५ सय ६९ यस वर्षका लागि जिम्मेवारी सर्न आएको छ । नेपाल सरकारवाट विभिन्न चालु तथा पूजीगत शिर्षकहरुमा रु. ५२ करोड १७ लाख २१ हजार ७ सय ६० वजेट रहेकोमा रु.४७ करोड ९६ लाख २२ हजार ९१५ निकासा प्राप्त भई ४७ करोड, ७१ लाख, ५१ हजार, २ सय ४७ खर्च भएको छ । जसमध्ये सवै गा.वि.स.हरुमा जाने अनुदान रु. १० करोड, १२ लाख, २७ हजार, १ सय, ३६ र सामाजिक सुरक्षा अनुदान रु. ९ करोड, ९१ लाख, ३७ हजार, ७ सय १५ समेत खर्चमा समावेश भएकोछ । फिनल्याण्ड सरकारवाट सोझै निकासा हुने रकम मध्ये ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तर्फको रु. २४ लाख, ७१ हजार ६ सय ६८ जिम्मेवारी सरि आएको छ ।

चालु आ.व. २०७२।०७३ का लागि आन्तरिक आय, राजस्व बाँडफाँड र डोजर भाडा तर्फ जिम्मेवारी सरि आएको रकम सहित रु.१ करोड, ११ हजार ६२ संशोधित अनुमान गरिएको मध्ये माघ मसान्तसम्म रु. १२ लाख ६४ हजार खर्च भइसकेको छ ।

विभिन्न दातृ निकाय र विषेश कोषहरुमा गत वर्षको जिम्मेवारी सरी आएको रकम सहित *रु.३* करोड २९ लाख ६० हजार ८ सय ६ को संशोधित अनुमान गरिएकोमा २०७२ माघ मसान्तसम्म रु. १ करोड, ३२ लाख १२ हजार ३ सय ७३ खर्च भइसकेको छ । नेपाल सरकारवाट प्राप्त अनुदान चालु र पूजीगत तर्फ २०७२ माघ मसान्तसम्म रु.१६ करोड, ५४ लाख, १४ हजार, ५ सय, ६० खर्च भइसकेकोछ । नेपाल सरकारबाट प्राप्त अख्तियारी तथा नियमित अनुदानका आधारमा चालु तर्फ १८ करोड २० लाख ४० हजार ९ सय र पुँजिगत तर्फ रु. ३३ करोड ९६ लाख ८० हजार, ८ सय ६० गरी जम्मा रु.५२ करोड १७ लाख २१ हजार ७ सय ६० संशोधित आयव्ययको वजेट पेश गरेको छु ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ मा गरेको प्रावधान वमोजिम आगामी आ.व. २०७३।०७४ का लागि आन्तरिक कर, दस्तुर, राजस्व बाँडफाँड, डोजर भाडावाट रु. १ करोड, ४३ हजार, तथा विभिन्न दातृ निकाय, विशेष कोष तर्फ रु. ३ करोड, ७३ लाख, १४ हजार, ६ सय, ९२ र नेपाल सरकारवाट प्राप्त हुने चालु तर्फ रु.२७ करोड, ६४ लाख, ३१ हजार र पूजीगत तर्फ रु.३५ करोड, २७ लाख, ६९ हजार गरी कुल जम्मा रु.६२ करोड, ९२ लाख अनुमानित वजेट पेश गरेकोछु ।

यसै सन्दर्भमा गत आ.व. २०७१/०७२ मा सम्पन्न भएका कार्यक्रम, चालु आ.व.२०७२/७३ को संशोधित बजेट तथा कार्यक्रम र आगामी आ.व.२०७३/७४ को लागि प्रस्तावित कार्यक्रम अनुमोदनका लागि पेश गरेको छु । आवधिक जिल्ला विकास योजना, जिल्लाको यस पूर्व तर्जुमा गरिएका जिल्ला विकास योजना, राष्ट्रिय योजना आयोग र मन्त्रालयवाट प्राप्त मार्गदर्शन, स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा तत् सम्वन्धि नियमावली २०५६, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, सहस्राब्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्य र विभिन्न विषयगत कार्यालयहरुका लागि प्राप्त कार्यक्रम संचालन सम्वन्धी मार्गदर्शनहरुले निर्दिष्ट गरेका विषय एवं क्षेत्रहरुलाई मूल आधार मानी आगामी आ.व. २०७३/०७४ को नीति तथा कार्यक्रम तय गरिएको व्यहोरा जानकारी गराउन चाहान्छु ।

गत विगत जिल्ला परिषदले लिएका यस जिल्लाका २ वटा मुख्य परिलक्ष्यहरु खुल्ला दिसामुक्त जिल्ला वझाङ्ग र पूर्णखोपयुक्त जिल्ला वझाङ्ग यसै आ.व.मा घोषणा भइसकेको सहर्ष जानकारी गराउदै यी २ वटा महानकार्य सफल पार्न सवै प्रकारको सहयोग पुर्‍याउने हुने सम्वन्धित सवैमा यो जिल्ला परिषद हार्दिक धन्यवाद दिन चाहन्छ ।

उज्यालो बझाङ्ग तर्फ बझाङ्गलाई उज्यालो जिल्ला घोषणा गर्ने अभियानमा उत्साहमूलक कार्यहरु भइरहेका छन । हालसम्म ५७ वटा लघु जलबिद्युत आयोजनाबाट १४९५.५ किलो वाट बिद्युत उत्पादन भई १६,४८२ घरधुरी उज्यालो भइसकेको छ भने सौर्य उर्जाबाट ३८२० घरधुरी उज्यालो भएका छन् । यस कार्यलाई जिल्लाको मूल प्राथमिकता राखी सघन र घनीभूत भइ अघि वढाउनु पर्ने भइसकेको छ ।

अव म यहाँहरु समक्ष जिल्ला पार्श्व चित्र २०७०, आवधिक जिल्ला विकास योजना र समसामयिक सामाजिक आर्थिक तथा पूर्वाधार विकासका आधारमा यस जिल्लाको क्षेत्रगत विकासको अवस्था, चुनौति तथा संभावनाहरुलाई प्रस्तुत गर्न गइरहेको छु ।

## १. शैक्षिक विकास तर्फ

"वालमैत्रीअनिवार्य शिक्षा, ज्ञान र सीपको सुनिश्चितता" भन्ने मूलनारालाई आत्मसातगर्दै जिल्ला शिक्षा कार्यालयबाट जिल्लामा शैक्षिक विकासको लागि विभिन्न शैक्षिक गतिविधिहरु संचालन हुदै आईरहेकाछन् । जसको फलस्वरुप जिल्लाको साक्षरता दर ५५.५ प्रतिशत पुगेको छ । जिल्लाको प्राथमिक तहको खूद भर्ना दर ८९ प्रतिशत रहेकोछ । हालसम्म जिल्लामा आभारभूत तह ५१५ (निजी स्कुल ३६ सहित), माध्यामिक बिद्यालय ४०, उच्चमाध्यामिक बिद्यालय ३९, क्याम्पस ८ वटा, खुला विद्यालय १, प्राविधिक विद्यालय २ वटा र विशेष शिक्षा कक्षा ४ वटा संचालनमा रहेकाछन् । यस जिल्लामा हाल २९३ वालविकास केन्द्रहरु र ३६ सामुदायिक केन्द्रहरु रहेकाछन् । गत आ.व.सम्ममा २७ वट ागा.वि.स. पूर्ण साक्षर भइसकेका छन भने आगामी आ.व.सम्ममा सवै गा.वि.स.लाई पूर्ण साक्षर गा.वि.स. वनाउने लक्ष्य रहेकोछ ।

## २. स्वास्थ्य तर्फ

हरेक नागरिकको स्वस्थ भई बाँच्न पाउने हकलाई सुनिश्चित गर्न एक जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ४५ स्वास्थ्य चौकी, १३१ गाउँ घर क्लिनिक, १४२ खोप केन्द्र, वर्थिङ सेन्टर ३८ वटा, २७ वटा किशोर किशोरीमैत्री परामर्श केन्द्र र ४२९ महिला स्वास्थ्य स्वयंसेविका मार्फत सेवा प्रदान गरिदै आएको छ । निजी अस्पताल १ वटा संचालनमा रहेका छ । जिल्ला अस्पतालमा उपचारात्मक पक्षमा NSI को सहयोगमा २ जना डाक्टर र १ जना स्टाफ नर्स र १ जना BMET कार्यरत छन । गत आ.व. देखि जिल्ला अस्पतालमा 300 MB को X-Ray र मोवाइल भिडियो X-Ray सेवा प्रदान गरिदै आएको छ । देउलेक र रायल प्राथमिक स्वास्थ्य केन्द्रमा डाक्टरहरु मार्फत सेवा प्रदान गरिदै आएकोछ र एक्सरे भिडियो एक्सरे र ल्याव सेवासमेत संचालनमा रहेकाछन । गत आ.व. वाट जिल्ला अस्पतालमा रक्त संचार केन्द्र स्थापना र संचालन भइरहेकोछ । जिल्लाको स्वास्थ्य क्षेत्रका उपलब्धीहरुलाई मापन गर्दा बालबालिकामा रहेको कुपोषण दर क्रमिक रुपमा घट्दो अवस्थामा रहेको छ । यस चालु आ.व.को पौष १२ गते वझाङ्ग जिल्लालाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरियो । प्रजनन् स्वास्थ्य तर्फ हेर्ने हो भने परिवार नियोजनको साधन प्रयोगकर्ताको दर हाल ३२ बाट बढेर ३५ प्रतिशत पुगेको छ र सो दरलाई अझ बढाउनका लागि जिल्ला स्वास्थ्य कार्यालयले विभिन्न चेतना अभिवृद्धिका कार्यक्रमहरु र शिविरहरु तथा क्याम्प संचालन भइरहेका छन् साथै स्थायी पुरुष वन्ध्याकरण जिल्ला अस्पताल प्राथमिक स्वास्थ्य केन्द्रमा संस्थागत गरिएकोछ र महिला स्थायी वन्ध्याकरण जिल्ला अस्पतालमा संस्थागत गरिएकोछ । आमा सुरक्षा कार्यक्रम तर्फ हेर्दा स्वास्थ्य संस्थामा दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराउनेको प्रतिशत *५९ बाट बढेर ७१* पुगेको छ ।

गर्भवती तथा प्रसुती भएका महिलाहरुमा गर्भ जाँच गराउने तथा स्वास्थ्य संस्थामा सुत्केरी गराउने चलनमा बृद्धि भएको छ साथै घरमा हुने सुत्केरीलाई शुन्यमा झार्न र संस्थागत सुत्केरी वढाउनका लागि "No More Home Delivery" अभियान संचालन गरिएकोछ । गत विगत आ.व.वाट UNICEF को सहयोगमा HIV/AIDs लागेका आमावाट वच्चामा संक्रमण सर्नवाट वचाउन PMTCT कार्यक्रम जिल्लाभरि संचालन भईरहेको छ । सुरक्षित मातृत्व, परिवार नियोजन, किशोर किशोरीमैत्री यौन तथा प्रजनन् स्वास्थ्यसेवा संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको सहयोगमा संचालित छन् । जिल्लामा VCT केन्द्र २ वटा र ART केन्द्र स्थापना भई HIV/AIDS पीडितहरुलाई जिल्लामै नियमित सेवन गर्नु पर्ने औषधीको व्यवस्था मिलाईएको छ । साथै HIV संक्रमित व्यक्तिहरुको लागि CD4 चेकजाँच समेत ६, ६ महिनामा जिल्लामा नै संचालन गर्ने व्यवस्था मिलाईएको छ । युएमएनको सहयोगमा मानसिक स्वास्थ्य, सुरक्षित मातृत्व, अपाङ्गताको स्वास्थ्य उपचार जस्ता कार्यक्रम गरिदै आएकोछ । सुआहाराको सहयोगमा सुनौला हजार दिन र स्वास्थ्य संस्था व्यवस्थापन समिति सुदृढीकरण कार्यक्रम संचालन भइरहेकाछन ।

आयुर्वेद स्वास्थ्य तर्फ, जिल्लाको बिभिन्न स्थानमा ४ वटा आयुर्वेद औषधालय संचालनमा रहेका छन् । जिल्ला आयुर्वेदको सोच थप १० वटा आयुर्वेद औषधालय स्थापना गर्ने, प्रत्येक गा.वि.स.मा आयुर्वेद सेवाको पहुँच, जडीवुटीखेती प्रणाली बिस्तार, स्थानीय स्रोतबाट औषधी निर्माण, एक वडा एक वैद्य, एक वडा एक महिला आयुर्वेद स्वास्थ्य स्वयमसेविका र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलाई ५ सैया युक्त अस्पतालमा रुपान्तरण गर्ने रहेको छ ।

## ३. भौतिक पूर्वाधार विकास तर्फ

"पूर्वाधार विकास नै समग्र विकासको मूलभूत आधार" भन्ने तथ्यलाई ह्रद्धयगंम गरी भौतिक पूर्वाधारको विकासलाई पहिलो प्राथामिकताकमा राख्दै गा.वि.स. केन्द्र पहुँच मार्ग सडक संजाल विस्तार कार्यलाई हरेक गा.वि.स. केन्द्रमा पुर्‍याउन वजेट व्यवस्था गरिएकोछ । राष्ट्रिय रुपमै साँस्कृति, सामाजिक, आर्थिक, पर्यटकीय महत्वको रुपमा रहेको चैनपुर-उरै-ताक्लाकोट सडक मार्गलाई राष्ट्रिय गौरवको योजना भित्र समावेश गर्नलाई यो परिषद सम्वन्धित् मन्त्रालयलाई अनुरोध गर्दछ ।

स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम अन्तर्गत हेमन्तवाडा–कैलाश कोटदेवल, वागथला–भाटसैन–भामचौर, डुङग्री–चिउरी–कोटदेवल–भुस्याखान, विथ्थड–बुंगल कृषि सडक, लुयाँटा–पौडी कृषि सडक, सीमखेत–सुर्मा, मोरीबगर-चौधारी-देउलेक- विनायक कृषि सडक, जडार–पौवागढी मेलतडी–थामलेक कृषि सडक, रिठापाटा–जयपृथ्वीनगर दार्चुला कृषि सडक, खोली हुदै पौवागढी–लामातोला वाजुरा सडक, मोरीवगर–पाथीभरा र चैनपुर सडक विस्तार, विजगडा–कफलसेरी–गनइ सडक, चैनपुर–मयाना–सुइल–गजौन सडक, किमतोला-छयाला-पातीहाल्ना, महेन्द्रधार दिलिप कुच सडक, लाक्षीगाड भातेखोला मष्टा सडक, भीमढङ्गा रिलु मालिका सडक र धमेना तलकोट काँडा जडीवूटी पहुँच मार्ग कार्य भईरहेको छ । विथ्थड-बुंगल कृषि सडकमा १२ कि.मि. सम्म गाडी पुगिसकेको अवस्था छ भने अन्य सडकहरुमा निर्माण कार्य भैरहेको छ ।

ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम तर्फ २०६८ साल देखि हाससम्म गडराय,कैलाश,मष्टा, दाँतोला, मेलविसौंना, चौधारी, मौलाली, भैरवनाथ, भामचौंर, सुनकुडा, वाँफ, स्याडी, देउलेक गा.वि.स.हरुमा सिंचाइ कुलो तथा लघु जल विद्युत्त नहर निर्माण कार्यमा २५.५८३ कि.मी. वरावरको कार्य सम्पन्न भइसकेको छ ।ग्रामीण सडक तर्फ भाडे जयपृथ्वी सडक २२ कि.मी. मोरीवगर- सैनपसेला, लेकगाँउ सडक ४ कि.मी., वागथला-भामचौर-पातीहाल्ना सडक ५ कि.मी. निर्माण कार्यसम्पन्न भइसकेका छन । शिव भवानी सडक देउलेक १.५ कि.मी गाडी गुडीसकेको, लिम सडक स्याडी १.५ कि.मी. ट्रयाक ओपनिङ्ग कार्य भइसकेकोछ । सुनकुडा-डोवा-धारी सडक ५ कि.मी.निर्माण कार्य शुरु गरिएकोछ ।

वझाङ्ग जिल्लाको तमैल-जडार-थामलेक सडकमा १० किलो मिटरमा गाडी गुडीसकेको, ३.५ कि.मी. ट्रयाक ओपन भइसकेको र वाँकी निर्माण कार्यलाई घनीभूत रुपमा अघि वढाइएको छ ।

विकेन्द्रित ग्रामीण पूर्वाधार विकास तथा आयआर्जन कार्यक्रम तर्फ दिपायल-चैनपुर सडकमध्ये दर्गाजी-महेन्द्रधार सडक खण्ड करिव १४ कि.मी.निर्माण कार्य सम्पन्न भइ सवारी साधन सुचारु हुने अवस्था भएकोछ । र वाँकी खोली वजारसम्मको सडक १८ कि.मी. यसै आ.व.मा सम्मन्न हुदैछ । खोली वजार-झनना सडक निर्माणका लागि DPR तयारी चरणमा रहेकोछ । यसै कार्यक्रम अन्तरगत स-साना पूरक लगानीका ११ वटा योजना यसै आ.व.भित्र सम्पन्न हुदैछन । यसै गरी विभिन्न जिल्लास्तरीय सडकहरु मर्मत संम्भार गर्ने कार्य भइसकेकोछ ।

स्थानीय स्तरका सडक पुल कार्यक्रम अन्तरगत सुनीगाड पक्कीपुल सम्पन्न भइसकेको र सुघगाड पक्कीपुल यसै आ.व.मा सम्पन्न हुदैछ भने पानकोट पक्कीपुल निर्माण कार्य शुरु भइरहेकोछ । दर्गाजी-खोली वजार सडकलाई जयपृथ्वी सिंहमार्गसँग जोड्ने झनना पक्कीपुल निर्माणका लागि डोलीडारवाट टेण्डर भइसकेको छ ।

जि.वि.स.अन्तरगत निर्माण भएका जिल्ला स्तरका ५ वटा सडकहरुमा सवारी पटके कर लगाइ आन्तरिक स्रोत अभिवृद्धि गर्ने नीति लिएकाछौं ।

जिल्लाका दुर्गम क्षेत्रमा कार्य गरिरहेको दुर्गम क्षेत्र विकास समितिले दुर्गम क्षेत्र तथा सो भेगका वासीन्दाहरुलाई पनि विकास निर्माणको प्रतिफल प्राप्तिमा पहुँच पुर्‍याउन झोलुङ्गे पुल, खानेपानी सिचाइ, विद्युत्त तथा आयआर्जन अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु संचालन आइरहेकोछ । यस आ.व.मा २ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भइसकेका छन भने २ वटा झोलुङ्गे पुल निर्माणाधीन रहेका छन । यसै आ.व.वाट ४ वटा झोलुङ्गे पुल निर्माण कार्य शुरु हुदैछन ।

झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अर्न्तगत, गत आर्थिक वर्षमा ७ वटा झोलुङ्गे पुल सम्पन्न भएका छन भने यस आ.व.मा पनि ७ वटा झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न हुदैछन ।

ग्रामिण खानेपानी तथा सरसफाई कार्यक्रम अन्तरगत चालु आ.ब.मा १२ वटा योजनाहरु संचालनमा रहेका छन् । साना सिंचाई, तटबन्धन तथा अन्य स साना पूर्वधारहरु प्रत्येक बर्ष संचालन गरिनेछन् ।

## ४. कृषि विकास तर्फ

**"गुजारामुखी कृषिमा व्यवसायिकता, आजको आवश्यकता"** भन्ने परिकल्पनालाई साकार पार्न राष्ट्रिय कृषि नीति, २०६१ तथा आवधिक योजना (२०६७।०६८-२०६९।०७०) को आधार पत्रले निर्दिष्ट गरेको रणनीतिलाई आधारमानी जिल्लामा कृषि तथा पशु सेवा कार्यालय मार्फत व्यवसायोन्मूख कार्यक्रमहरु निरन्तर रुपमा अगाडि बढाईएका छन् । जिल्लामा उपलव्ध विविध हावापानीका कारण यहाँ आँप, लिची, सुन्तला, स्याउ, ओखर जस्ता सवै प्रकारका फलफूल, तरकारी, खाद्यान्न बाली लगायत तरकारी बीउ उत्पादन, मौरी पालन, च्याउ खेतीको प्रचुर संभावना रहेको छ ।

**" वाली विमा गरौ प्राकृतिक प्रकोपवाट वचाउँ"**

व्यावसायीक आलु,तरकारी, फलफूल खेती तथा गहुँको वीउ उत्पादन गर्ने कृषकहरुकालागी वाली विमा अनिवार्य गरी विमा प्रीमियममा ७५ प्रतिशत अनुदान दिने कार्यलाई अनिवार्य लागु गर्ने निति अवलम्वन गरीने छ ।

भुमिहिन तथा गरीव कृषक हरुका लागी मौरी पालन तथा च्याउ उत्पादन कार्यक्रम संचालन गरी स्वरोजगार वनाउर्ने निति अवलम्बन गर्न मौरी, मौरी सामाग्री र च्याउको वीउमा ५० प्रतिशत मुल्य अनुदान दिने कार्यक्रम प्रस्ताव गरीएको छ ।

युवा जनशक्ति लाई जिल्ला भित्रै व्यावसायीक वनाउन प्रति वर्ष ४० जना युवा /युवतीलाई साझेदारीमा व्यावसायीक तरकारी खेती गर्न जनही रु.४०,०००। अनुदान दिने व्यवस्था कायमै राखिएकोछ ।

▪ जिल्ला खाद्य सुरक्षा प्रतिकार योजना (District Food Security Response Plan) तयार भै स्वीकृती र कार्यान्वयनका लागि यसै गरिमामय परिषदमा पेश गरिएको छ ।

▪ जिल्ला खाद्य तथा पोषण सुरक्षा रणनिति तयार भै यसै आ.व. ०७२/७३ मा कार्यान्वयनमा लगी आगामी आ.व.०७३/७४ मा क्षेत्र विस्तार गरी सुनौलो हजार दिनका गर्भवती आमा तथा शिशुहरुको पोषण सुधारका लागी एकिकृत खाद्य तथा पोषण सुरक्षा योजनाको कार्यान्वयनमा विशेष जोड दिईने छ ।

▪ पोषण सुधारका लागी एक घर एक करेसावारी सबैले सधै लगाउ , सबैले सधै खाउ ताजा तरकारी कार्यक्रमलाई जिल्ला भरी लागु गरीने छ ।

▪ विभिन्न क्षेत्रको विशिष्टीकरण गरी कृषि वाली उत्पादनको पकेट प्याकेज कार्यक्रममा विशेष जोड दिईने छ ।

▪ प्रत्येक ईलाकामा एक/एक वटा नमुना कृषि फाराम स्थापना गरी एकिकृत कृषि विकास कार्यक्रमको शुरुआत गर्न जिल्ला विशेष कृषि विकास रणनिति त्यार गरी लागु गर्न सवै गाउपालीका र नगर पालीकाहरुलाई अग्रसरहुन पहल गरीने छ ।

▪ सबै गा.वि.स. तथा नगरपालीकामा वाली उत्पालनमा हुने रोग, किरा तथा अन्य दैविप्रकोपवाट हुने नोक्सानीलाई रोक्न अनिवार्य रुपमा आकस्मीक वाली संरक्षण कोष स्थापना गरी रोग, किरा नियन्त्राणमा विशेषश पहल गरीनेछ ।

साना तथा शुक्ष्म सिंचाई प्रणालीको विकासमा विशेष जोड दिईने छ ।

## ५. पशुपंक्षी विकास तर्फ :

**"व्यवस्थित र व्यवसायिक पशुपालन दिगो विकासको पूर्वाधार,**
**पोषण र खाद्य सुरक्षा, रोजगारी अनि आर्थिक उपार्जनको बलियो आधार । "**

भन्ने मान्यता लाई आत्मसाथ गरी आगामी आ.व.०७३।०७४ का लागि ईलाकास्तरीय योजना तर्जुमा गोष्ठीमा उठेका मागहरु, बझाङ्ग जिल्लाको आवधिक विकास योजना र जिल्लाको लागि राष्ट्रिय प्राथमिता तथा पशुपंछी बिकास मंत्रालयको ४० बुंदे प्रतिबद्धताको आधारमा पशुजन्य उत्पादन र उत्पादकत्व बृद्धि गरी आत्म निर्भरता हासिल गर्न व्यवसायिक भेडाबाखा पालन, वंगुरपालन, दुग्ध पकेट सुदृढिकरणको लागि उन्नत गाई आपूर्ति, कालो सुनको रुपमा रहेको भैंसी निकासीलाई निरुत्साहित गर्न भैंसी पकेट सुदृढिकरण, पशु नश्ल सुधार, पशु आहारा सेवा, पशु स्वास्थ्य सेवा, ग्रामिण कुखुरा पालन कार्यक्रमहरु सन्चालन गर्ने मूल नीतिका साथ आगामी वर्षका लागि कार्यक्रम प्रस्तावित गरिएकोछ । आनुबंशीक स्रोत संरक्षणका लागि अछामी गाई संरक्षण कार्यक्रमका लागि रु. १ करोड १५ लाख ६४ हजार आगामी आ.व.का लागि प्रस्तावित गरिएको छ ।

बझाङ्ग जस्तो उच्च पहाडी भुगोलमा पशुपालनबाट थुप्रै आर्थिक उपार्जन र रोजगारीका अवसरहरुको सम्भावना हुदाहुदै पनि कृषकहरुमा चेतनाको कमी, गरिवी, यूवाहरुमा पशुपालन पेशाप्रति न्यून आकर्षण, एकिकृत पशु विकासको प्रयासमा रहेका चुनौतीहरुका कारणले परम्परागत र गुजारामुखी पशुपालन प्रणालीलाई आधुनिक र व्यवसायीकरण गर्ने कार्य चुनौतीपूर्ण रहदै आएको छ । विगत ३ वर्षदेखि सीमित स्रोत साधनलाई ध्यानमा राखी जिल्ला पशु सेवा कार्यालयको समन्वय र सहकार्यमा युवा लक्षित र बजारमुखी पशुपालनलाई बढावा दिएको छ । यसको परिणामस्वरुप रिठापाटा, पाराकाट्ने, दंगाजी, सुबेडामा उन्नत जर्सी गाई पालनबाट दुध उत्पादनमा बृद्धि भै बजारीकरण समेत भएको छ । चालु आ.व.मा शिक्षित वेरोजगार र बैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी ५० वटासम्म बाखापालन गरि व्यवसाय गरिरहेकालाई खोर तथा बोका सहयोग गर्ने गरि ६ वटा निजी व्यवसायिक बाखा र भेडा फर्मको विकास गर्ने लक्ष्य रहेकोछ । झोता र चैनपुर बजारमा ४ वटा दुध तथा मासु पसल स्थापना तथा सुधार, पाटादेवल, र देउलेखमा क्रमशः बाखा र भैंसी पकेट सुदृढिकरण, गाई भैसीमा कृतिम गर्भाधान, उन्नत राँगो/साँढेको व्यवस्थापन, बगुंरमा बीर बितरण, र बोका बितरण गरी नश्ल सुधार, पशुधनको सुरक्षाको लागि पशु विमा जस्ता कार्यहरु अगाढी बढाईएका छन् । जिल्लामा सन्चालनमा रहेका कृषि तथा खाद्य सुरक्षा आयोजना, बहुक्षेत्रीय पोषण कार्यक्रम र सुआहारा कार्यक्रमबाट ग्रामिण कुखुरापालन अभिबृद्धि भै अण्डा तथा मासु उत्पादनबाट खाद्य सुरक्षा र पोषणमा टेवा मिल्न गएको छ ।

## ६. खानेपानी तथा सरसफाई विकास तर्फ

खानेपानी र सरसफाई मानव सभ्यता एवं स्वास्थ्यका अतिरिक्त आत्मसम्मान र विकाससंग जोडिएको विषय भएकोले यस क्षेत्रको सुधार तथा विकासका लागि नेपाल सरकारले तयार पारेको राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ अनुसार बझाङ्ग जिल्लाको सरसफाई रणनीति पारित गरी सवै क्षेत्रहरुको सहभागितामा सरसफाईका गतिविधिहरु सञ्चालन गरेको फलस्वरुप सरसफाइको सूचक मध्ये एक घर एक चर्पी हासिल गरी २०७२ पौष १६ गते जिल्लालाई खुला दिसामुक्त घोषणा गर्न बझाङ्ग जिल्ला सफल भएकोछ ।

जिल्लामा खानेपानी तथा सरसफाईसंग सम्बन्धित सम्पूर्ण निकायहरुको प्रयासले ७४ प्रतिशत जनसंख्यामा खानेपानीको पहुँच पुगेको छ । जिल्लामा जिल्ला खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिले समग्र जिल्लाको खानेपानी र सरसफाई क्षेत्रमा नेतृत्व प्रदान गरि रहेको छ भने खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले खानेपानी तथा सरसफाई क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनमा समन्वयात्मक भूमिका प्रदान गरेको छ । खानेपानी, सरसफाई डिभिजन कार्यालयको समन्वय र सहकार्यमा जिल्लामा सरकारी, गैरसरकारी आयोजना र परियोजनाहरु संचालनमा रहेका छन । जिल्लामा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, सुआहारा कार्यक्रम, नेपाल रेडक्रस सोसाइटी, सामाजिक तथा प्राविधिक सेवा समुह जस्ता निकायहरु खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत रहेका छन । खानेपानी तथा सरसफाइको प्रबर्द्धनको लागि UNICEF Nepal को आर्थिक तथा प्राविधिक सहयोग पनि रहेको छ ।

नेपाल सरकार र फिनल्यान्ड सरकारको सहयोगमा ग्रामिण जलस्रोत ब्वस्थापन परियोजना वि.सं. २०६३ देखि २०७२ सम्म प्रथम र दोश्रो चरण पार गरी २०७२ फागुनदेखि ५ बर्षको लागि तेस्रो चरण संचालित छ । परियोजना जिल्लाका ६ वटा गाबिसहरु कफलसेरी, कोइरालाकोट, पौवागडी, मष्टा र रिलु गाबिसहरुमा प्रथम र दोश्रो चरणका कृयाकलापहरु संचालन गरी बहिरगमन गरिएको छ । त्यसै गरी पिपलकोट, कोटभैरव, मटेला, मालुमेला, भातेखोला र धमेना तेश्रो चरणको लागि छनोट भई सबै गाविसहरुमा जलउपयोग गुरु योजना तयार गरी आ.व २०७२/०७३ देखि नै कार्यक्रम संचालन भई रहेको छ । यस परियोजनाले खानेपानी सरसफाई, जिविकोपार्जन र सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गरेको छ । यूएसएआइडीको आर्थिक सहयोगमा सञ्चालित सुआहारा कार्यक्रम वहुक्षेत्रीय पोषण कार्यक्रम हो । यस जिल्लामा यो कार्यक्रम सन् २०१२ सेप्टेम्वर वाट सञ्चालन भैरहेको छ । वाल मृतयुदर कम गर्न, मातृ मृत्युदर घटाउन तथा पोषणको स्थितीमा सुधार ल्याउन सुनौला १००० दिनका वालवालिका, गर्भवती तथा सुत्केरी महिलालाई केन्द्रित गरी यो कार्यक्रम सञ्चालन भैरहेको छ । जिल्लालाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्न पनि आर्थिक सहयोगका साथै उल्लेखनीय भूमिका निर्वाह गरेको छ । सुनौला १००० दिनका वालवालिका तथा आमाहरुको पोषणको स्थितीमा सुधार ल्याउन स्वास्थ्य सरसफाईका व्यवहार परिवर्तन सम्वन्धि घर भेटको क्रममा परामर्श गर्ने गरेकोछ । त्यसै गरी नेपाल रेडक्रस र अष्ट्रेलियन रेडक्रसको संयुक्त सहयोगमा खानेपानी, सरसफाई, लैङ्गिक समानता तथा

समावेशीकरण र वातावरण परिवर्तनमा नेपाल रेडक्रस सोसाइटीले कैलाश, जयपृथ्वी  नगरपालिका, शैनपशेला, रायल र देउलेख गाविसमा विगत आ.व देखि काम गरि रहेको छ । यस क्षेत्रमा काम गर्ने सबै निकायहरुको साझा प्रयासमा खानेपानी तथा सरसफाइको विद्यमान अवस्थामा सुधार ल्याउन खानेपानी तथा सरसफाइको दिगो व्यवस्थापनमा जोड दिइ गुणस्तरीय खानेपानी सेवा उपलब्ध गराइने छ । पानीको बहु उपयोगलाई प्रभावकारी बनाइ एकिकृत जलश्रोत व्यवस्थापनलाई कार्यान्वयन गरिने छ । वातावरण परिवर्तनले गर्दा पानीका मुहाँनहरु सुक्दै जाने मुहानमा पानीको मात्रा घट्दै जाने अवस्थामा मुहान संरक्षणका लागि एकिकृत व्यवस्थापना जोड दिइने छ । जसमा बृक्षारोपण, वायोइन्जिनियरिङ्ग, समुदायलाई अभिमुखिकरण र स्थानीय सरोकारवाला एवं जनताको प्रभावकारी सहभागितामा जोड दिइने छ । जिल्ला बासीलाई गुणस्तरीय पानीको सेवा उपलब्ध गराउन सरकारी र दाताहरुको आर्थिक तथा प्राबिधिक सहयोग परिचालनमा जोड दिइने छ ।

## ७. वन तथा वातावरण विकास तर्फ

वन क्षेत्र महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन क्षेत्रको दिर्घकालीन सोच **समृद्धीको लागी वन** भन्ने वधारणा संगै वन, वनस्पती, वन्यजन्तु, जैविक विविधता,,जडीवुटी र भू संरक्षण गर्नु आजको आवश्यकता हो ।

वन क्षेत्रको संरक्षण, दिगो व्यवस्थापन गर्दै वन्यजन्य उत्पादन, सदुपयोग, रोजगारी सृजना, जिविकोपार्जन सुधार, जलवायु परिवर्तन जोखिम न्यूनिकरण,अनुकुलन तथा वन क्षेत्रमा सुशासन केन्द्रीत कार्यक्रमको रुपमा यस जिल्लामा सामुदायिक तथा कवुलीयती वन कार्यक्रम र वहुसरोकारवाला वन कार्यक्रम सन्चालनमा रहेका छन् ।

यस जिल्लामा आ.व. २०७१/०७२ सम्ममा ३४३ वटा सामुदायीक वन उपभोक्ता समूहहरुवाट सामुदायीक वनको संरक्षण तथा व्यवस्थापन र १०४ कबुलीयती वन समूहहरुवाट हैसियत विग्रेका वनको सुधारका साथै गरीवीका रेखामुनिका जनताहरुको जिवनस्तर उकास्ने खालका कार्यक्रम सन्चालन भएको अवस्था छ । आगामी दिनमा जिल्ला वन कार्यालय वझाङ्गले निम्न क्षेत्रलाई प्राथमिकता दिई कार्यक्रम सन्चालन गर्ने निति लिएको छ ।

- वन उपभोक्ता समूहको समुचित परिचालनबाट दिगो वन व्यवस्थापन, गरिब घरधुरीको जिवीकोपार्जनमा टेवा पु-याउने ।
- मूल्यवान जडीवुटीको खेति विस्तार, जडीवुटीको दिगो व्यवस्थापन, उद्यम स्थापना तथा सञ्चालन र रोजगारी सृजना गर्ने ।
- सरकारद्धारा व्यवस्थित वनको वन क्षेत्रको सुरक्षा योजना २०७० बमोजिम अवैध कटान, चोरी शिकारी तथा अतिकमण नियन्त्रण गर्ने ।
- रुख,काष्ठ तथा वहुउपयोगी प्रजातीका बिरुवा उत्पादन तथा वृक्षारोपण गर्ने ।
- जलवायु परिवर्तनवाट प्रभावित समुदायको लागी जलवायु परिवर्तन अनुकुलन योजना कार्यान्वयनमा सहयोग गर्ने ।

## ८. लघु उद्यम व्यवसाय तथा वजारिकरण तर्फ

घरेलु तथा साना उद्योग बिकास समितिले सीपमुलक तथा आयआर्जनका साथै उद्योग ब्यापारको दर्ता, ठाउँसारी, नामसारी तथा पुँजिबृद्धि जस्ता कार्य गर्दै आएको छ । बिगत ३ बर्षदेखि गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम (मेडपा) यस जिल्लामा संचालनमा रहेकोछ ।

नेपाल सरकारको गरिवी न्यूनिकरणको लागि सघाउ पु-याउने र विद्यमान वेरोजगारी तथा वैदेशिक रोजगारीको लागि विदेश जादा पनि नेपालीले कुनै न कुनै सीप लिएर जान सक्योस भन्ने समेत उद्देश्य रहेको परिप्रेक्ष्यमा सो उद्देश्यलाई परिपूर्ति गर्न विगतमा प्रभावकारी देखिएको कार्यक्रमको निरन्तरता दिइएको छ ।

यही सोच तथा ***एक घर एक उद्यमी*** उद्देश्यलाइ परिपूर्ति गर्न लघु, घरेलु तथा साना उद्योगको विकासका लागि संस्थागत रुपमा प्रबर्द्धनात्मक सेवाहरु उपलब्ध गराउन २०४९ सालमा घरेलु तथा साना उद्योग विकास समितिको स्थापना भै उद्योग प्रबर्द्धनात्मक तथा उद्योग प्रशासन एवं विभिन्न उद्यमशिलता विकास तालिम सीप विकास तालिम प्रदान तथा प्राविधिक सहयोग,  प्रवर्द्धन प्रविधि हस्तानतरण गर्दै आएको छ । आ.व. ०६८।६९ देखि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम लागु भए पछि वार्षिक १२० जना उद्यम सृजना भएको छ । यसका साथै भिन्न क्षमता भएको एकल महिला, दलित, जनजाती, अपाङ्ग, द्धन्दपिडित महिला तथा विदेश जानलाई रोक्ने उद्देश्यले १६ देखि ४० वर्ष भित्रका वार्षिक १०० जना युवालाई विभिन्न सीप विकास

तालिम प्रदान गर्ने लक्ष्य रहेको छ । त्यस्तै रुग्न उद्योगलाई समुहमा रु ५० हजार सम्म र प्रति उद्यमी रु १५ हजार सम्मको प्रविधि हस्तान्तरण गरी उद्योग व्यवसायलाई प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ ।

बझाङ्ग जिल्लामा आ.व. ०५२।५३ देखि आ.व. ०७१।०७२ सम्म ११३२ महिला र ७२६ पुरुषले विभिन्न विषयको सीप विकास तालिम प्राप्त गरी जम्मा ६७७ वटा उद्योग दर्ता तथा १७२४ वटा व्यापार व्यवसाय दर्ता भएको छ । स्थानिय कच्चा पदार्थमा आधारित नेपाली हाते कागज, अल्लो प्रशोधन, अमलाको अचार वनाउने, टिमुर प्रशोधन, हर्वल सावुन, भिमल प्रशोधन, लिउ वनाइ, जस्ता सीप विकास तालिम दिन सकेको खण्डमा अझ प्रभावकारी रुपमा उद्योग व्यवसायको विकास हुने थियो ।

## ९. महिला तथा वालवालिका तर्फ

आ.व.२०४६।४७ देखि जिल्लामा महिला विकास कार्यक्रम लागू भैरहेको छ । यस कार्यक्रम अन्तर्गत बहुआयामिक सशक्तिकरणका लागि ३७ गा.वि.स. र १ न.पा.का ८०७ वटा वडाहरुमा विविध आर्थिक सामाजिक सशक्तिकरण कार्यक्रमहरु संचालन गरिएका छन । जिल्लामा ऐतिहासिक रुपमै पहिलो पटक माझीगाउँ, रिलु, मष्टा र पौवागढी गा.वि.स.लाई छाउपडी प्रथा विभेद मुक्त गा.वि.स. घोषणा गरिएको छ । हालसम्म १४ वटा महिला सहकारीमा १०,२५३ जना महिला २,२३४ समूह/संस्थामा आवद्ध भई बचत रु. ६२,५७,३०४ र चालु कोष रु.५,९६,००० परिचालन गर्दै आईरहेको छन । किशोरी तथा महिला विरुद्ध हुने सबै खालका हिंसा र वाल विवाह अन्त्य गर्नको लागि संयुक्त राष्ट्र संघीय जनसंख्या कोषको आर्थिक तथा प्राविधिक सहयोगमा २० वटा गाविसहरुमा अभियान संचालन भइरहेका छन । साथै २०६९ बैशाखदेखि लैङिक हिंसा तथा घरेलु हिंसा पीडित महिलाहरुलाई सहयोग गर्न चैनपुरमा अल्पकालिन सुरक्षित आवास स्थापना गरी सेवा प्रदान गर्दै आइरहेको छ । गरिवी विरुद्धको अभियान कोटदेवल, कोटभैरव र गडराय गा.वि.स.मा विस्तार गरिएको छ । गत आ.ब. २०७०।२०७१ बाट संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को राष्ट्रिय कार्ययोजनालाई स्थानीय स्तरमा माझिगाउँ, सुबेडा, रिठापाटा, रायल र बाँझ गा.वि.स.मा संचालनमा ल्याईएको छ । संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को राष्ट्रिय कार्ययोजनालाई जिल्ला कार्ययोजना मार्फत स्थानियकरण गरी महिला शान्ति सुरक्षा एजेण्डालाई कार्यान्वयन गरिने छ ।

## १०. लघु जलविद्युत तथा उर्जा विकास तर्फ

बझाङ्गलाई उज्यालो जिल्ला घोषणा गर्ने अभियानमा उत्साहमूलक कार्यहरु भइरहेका छन । हालसम्म ५७ वटा लघु जलबिद्युत आयोजनाबाट १४९५.५ किलो वाट बिद्युत उत्पादन भई १६,४८२ घरधुरी उज्यालो भइसकेको छ भने सौर्य उर्जाबाट ३८२० घरधुरी उज्यालो भएका छन् । यसरी उज्यालो घरधुरी करीव ६० प्रतिशत रहेको छन । यस जिल्लाको ४ वटा गा.वि.स. घरभित्रको धुवारहित गा.वि.स. घोषणा भइसकेको छन भने जिल्लामा जम्मा ६७३५ घरधुरीले रकेट चुलो प्रयोगमा ल्याएका छन ।

## ११. सूचना व्यवस्थापन र समन्वय

जिल्लामा भए गरेका विकासात्मक गतिविधिहरुको आधुनिक प्रणालीवाट अभिलेखिकरण तथा संप्रेषण गरी योजना तर्जुमा प्रक्रियामा सहयोग पुऱ्याउन जिल्ला विकास समितिको कार्यालयमा जिल्ला सूचना स्थापना भएको कुरा म स्मरण गराउन चाहन्छु । निक्षेपित र विकेन्द्रित अवधारणा अनुसार विकास कार्यक्रमहरु संचालनमा ल्याउन जिल्ला विकास समितिले विषयगत कार्यालयहरुसँग समन्वय गरी जिल्लाको विविध गतिविधिहरुको आधिकारिक सूचनाहरु अभिलेखिकृत गरी जि.वि.स.को Web Based Reporting System संचालनमा रहेको छ । मन्त्रालयको अवधारणा र डिजाइन अनुरुप नै नयाँ वेभसाइट सञ्चालन भइसकेको छ । साथै जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) पनि स्थापित भई संचालनमा रहेको छ । जिल्ला पार्श्वचित्र २०७० प्रकाशित भई योजना तर्जुमा प्रक्रियामा उपयोग गरिदै आएकोछ । केन्द्रिय तथ्याँक विभागको सेल यसै सूचना केन्द्रमा स्थापना गरी तथ्याँक तथा प्रतिवेदनहरु उपलब्ध गराउने व्यवस्था गरिएकोछ । यस सन्दर्भमा जिबिसको संस्थागत क्षमता बिकास गर्न प्राप्त भएको आर्थिक तथा भौतिक सहयोगको लागि युनिसेफ नेपाल र यु.एन.एफ.पि.ए. लाई हार्द्धिक धन्यबाद दिन चाहन्छु । यसै आ.व. वाट जिल्ला विकास समितिको सेवा प्रवाह र जारी गरिएका जरुरी सूचनाहरुलाई सेवाग्राहीसम्म पुर्‍याउन Audio Notice Board Service र SMS Service संचालन गरिएकोछ । यसै आ.व.भित्र digital notice Board सञ्चालन गरिनेछ । पारदर्शीता तथा आम

जनसमुदायको पहुँचलाई मध्यनजर गर्दै जि.वि.स. वाट संचालन गरिएका कार्यक्रमहरुलाई सामाजिक संजाल facebook मार्फत सार्वजनिक समेत गरिदै आएकोछ । यसै आ.व.भित्र शैक्षिक सामग्री सहितको ई-पुस्तकालय (Digital Library) सूचना केन्द्रमा स्थापना गरिनेछ ।

**१२. जिल्ला भू संरक्षण कार्यक्रम तर्फ :**

**माटो, पानी जोगाऔं : हरियाली वढाऔं । भू संरक्षण कार्यक्रमको राष्ट्रिय मूल नारा रहेको छ ।**

वन विनाश, अनुपयुक्त भू उपयोग, अवैज्ञानिक खेती प्रणाली, वातावरणीय दुष्परिणामको पूर्व सोचाई बिना सञ्चालित विकास निर्माण कार्य, अनियन्त्रित ढुंगा खानी उत्खनन् तथा नदिनालाहरुको क्षमता भन्दा बढि बालुवा, गिट्टी उत्खनन्, संकलन एवं निकासी जस्ता मानविय क्रियाकलापले भू क्षय, पहिरो, वाढी तथा नदि कटानको समस्यालाई अरु जटिल बनाएको छ । नेपालमा मुख्य गरि जल अर्थात वर्षातको पानीको उचित व्यवस्थापन हुन नसक्दा हरेक बर्ष भू क्षय, वाढि, पहिरो जस्ता प्रकोपहरु बढ्ने गरेको पाईन्छ, जसवाट ठूलो जनधनको क्षति भैरहेको छ । माटोको मलिलोपन र उत्पादकत्वमा कम भई खाद्यान्न उत्पादनमा समेत ह्रास आईरहेको छ ।

यसैसन्दर्भमा बझाङ जिल्लामा भैरहेको भू क्षय, पहिरोको प्रकोपलाई सक्दो हदसम्म रोकी प्राकृतिक सन्तुलन कायम गर्ने हेतुले तत्कालिन नेपाल सरकारले भू संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी सेवाहरु जनस्तरसम्म पुऱ्याउने उद्देश्य अनुरुप गत विगत जिल्ला परिषदको सिफारिश र प्रयासहरुले गर्दा यस बझाङ जिल्लामा पनि वि.सं. २०७२ साल असोज २२ गते जिल्ला भू संरक्षण कार्यालयको स्थापना गरिएको हो । विभागीय नीति र कार्यालयको उद्देश्य अनुरुप यस कार्यालयबाट जिल्ला भित्रका प्राथमिकता प्राप्त उपजलाधार क्षेत्र तथा अन्य क्षेत्रहरुमा समेत विभिन्न भू संरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रमहरु नियमित रुपमा स्थानीय जनताको प्रत्यक्ष सहभागितामा सञ्चालन गर्ने लक्ष्य रहेका छन् ।

## कार्यक्रमका उद्देश्यहरु

यस कार्यालयका प्रमुख उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- यस जिल्लाका महत्वपूर्ण तथा प्राथमिक्ताप्राप्त उपजलाधार क्षेत्रहरुको संरक्षण तथा सम्वर्द्धन गरी बाढी, पहिरो, भू-क्षय जस्ता प्राकृतिक प्रकोपको चाप कम गर्दै पारिस्थितिक प्रणालीमा सन्तुलन कायम राख्न सघाउ पुऱ्याउने ।
- उपजलाधार क्षेत्रका श्रोतहरुको वैज्ञानिक व्यवस्थापनबाट भू क्षय कम गरी जमिनको उत्पादकत्वमा सुधार गर्दै जनताका वनजन्य तथा खाद्यजन्य आधारभुत आवश्यकता परिपुर्तिमा टेवा पुऱ्याउने ।
- विकासका पूर्वाधारहरुको संरक्षणमा टेवा पुऱ्याउने ।

## कार्यक्रम सञ्चालनको कार्यनीतिः

कार्यालयको माथि उल्लेखित उद्देश्यहरु हासिल गर्नका लागि यस कार्यालयले निम्न लिखित कार्यनीतिका आधारमा भू तथा जलाधार संरक्षणका कार्यक्रमहरु सञ्चालन गर्ने गर्दछ ।

- जैविक, भौतिक तथा मानववस्ती र भू अवस्थाको संवेदनशिलताको आधारमा उपजलाधार क्षेत्रको प्राथमिकिकरण अनुसार उपजलाधार व्यवस्थापनको लागि आवधिक योजना बनाउने ।
- उपजलाधार क्षेत्रलाई नै कार्यक्रम तर्जुमा र व्यवस्थापनको इकाई थलो मानी कार्यक्रम संचालन गर्ने ।
- प्राथमिकताप्राप्त एउटा उपजलाधार क्षेत्रमा तयार पारिएको उपजलाधार योजना मुताविक जनसहभागिता जुटाई एकिकृत अवधारणा अनुरुप ३ देखि ५ वर्षसम्म सघन रुपमा भू तथा जलाधार संरक्षणका कार्यक्रम सञ्चालन गर्दै जाने र तत्पश्चात क्रमिक रुपमा अन्य प्राथमिकताप्राप्त उपजलाधार क्षेत्रहरुमा कार्यक्रम विस्तार गर्दै जाने ।
- संरक्षणको कार्यक्रमलाई सस्तो सर्वसुलभ, उत्पादनशील, आयमूलक एवम् बजारमूखी ढांचामा संचालन गर्ने ।
- उपयुक्त प्रविधिको विकास प्रदर्शन, तालिम, गोष्ठी, अवलोकन भ्रमण आदिको माध्यमबाट हरित क्षेत्रमा कार्यमूलक जनचेतना जगाई जनसहभागिताको आधारमा कार्यक्रम संचालन गर्ने।
- हरित क्षेत्र जस्तै कृषि, पशुविकास, वन, जलश्रोत आदि वीच स्थानीय स्तरमा समन्वय र साझेदारी गरी एकिकृत श्रोत व्यवस्थापनमा समन्वयात्मक सेवा प्रदान गर्ने ।

- भू संरक्षण तथा जलाधार व्यवस्थापनवारे व्यापक प्रचार प्रसार गरि जनचेतना अभिवृद्धि गर्ने ।
- समस्या पहिचानदेखि सर्भे डिजाइन, लागत इष्टिमेट, सम्झौता, कार्यक्रम कार्यन्वयन, अनुगमन मूल्याङ्कन, लाभांश वितरण र मर्मत सम्भार गरि हरेक चरणमा उपभोक्ताहरुलाई समावेश गरि कार्यक्रमलाई दीगो बनाउने ।
- भू संरक्षण तथा जलाधार व्यवस्थापनको सम्वन्धमा विकास, पहिचान र सफल प्रमाणित भएका उपयुक्त प्रविधिहरुको प्रभावकारी ढंगले जिल्लाको कार्य क्षेत्रमा प्रदर्शन, अनुशरण गर्न लगाउने र सो को अनुभव, पृष्ठपोषण सम्बन्धित निकायमा जानकारी गराउने ।

## १३. विशेष कोष तर्फ

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियामावली, २०५६ अनुसार जिल्ला परिषदले आफ्नो कोषमा जम्मा भएको आन्तरीक आयबाट विशेष कोषहरुको स्थापना गरी रकम विनियोजन गर्नुपर्ने प्रावधान बमोजिम यस जिविसले पनि तपसिलका कोषहरुको व्यवस्था गरी श्रोत विनियोजन गरेको व्यहोरा अनुरोध गर्दछु ।

१. स्थानीय विकास कोष
२. मर्मत सम्भार कोष,
३. मानव संशाधन बिकास कोष,
४. वातावरणीय बिकास विशेष कोष,
५. महिला तथा वाल वालिका विकास कोष
६. कृषि बिकास कोष,
७. प्रकोप व्यवस्थापन कोष
८. अपाङ्गता, ज्येष्ठ नागरिक तथा पिछडा वर्ग विकास कोष
९. गरिबी निवारण तथा सामाजिक परिचालन कोष
१०. कर्मचारी कल्याण कोष

***उपस्थित महानुभावहरु***

अब म आगामी आ.ब. २०७३।०७४ मा संचालन गरिने बिभिन्न निकायहरुको प्रस्तावित बजेटलाई विषयगत समिति अनुसार अनुमोदनका लागि पेश गर्ने अनुमति चाहन्छु । जसको विवरण निम्नानुसार छ ।

यसको विस्तृत विवरण छुट्टै दस्तावेजको रुपमा पेश गरिएको छ ।

| क्र.सं. | विषयगत समिति | वजेट | प्रतिशत |
|---|---|---|---|
| १ | भौतिक पूर्वाधार तथा संरचना बिकास समिति | ६५,०५,२५,२१५ | २७.८३ |
| २ | जनसंख्या तथा सामाजिक बिकास समिति | १,३२,०७,१८,४०० | ५६.४९ |
| ३ | कृषि, उद्योग, बन तथा वातावरण समिति | २२,१९,१७,९३५ | ९.४९ |
| ४ | भूमि तथा जलश्रोत समिति | १४,४६,६५,९५० | ६.१९ |
| | **जिल्लाको कुल बजेट** | **२,३३,७८,२७,५००** | **१००** |

यसरी आगामी आ.ब. को लागि जिल्ला स्थित बिषयगत समितिहरुको कूल प्रस्तावित बजेट २ अरव ३३ करोड ७८ लाख २७ हजार ५ सय प्रस्तुत गरेको छु । जसमा भौतिक पूर्वाधार तथा संरचना विकास समितिको २७.८३ प्रतिशत, जनसंख्या तथा समाजिक विकास समितिको ५६.४९ प्रतिशत, कृषि, उद्योग, वन तथा वातावरण समितिको ९.४९ प्रतिशत र भूमि तथा जलस्रोत समितिको ६.१९ प्रतिशत आय अनुमान रहेको छ । यसमध्ये गैर सरकारी संस्थाहरुको मात्र रु. ४० करोड ५५ लाख ९८ हजार ५ सय रहेको छ, यो कुल वजेटको १७.३४ प्रतिशत हुन आउँछ ।

**उपस्थित महानुभावहरु**

अव म बझाङ्ग जिल्लाको आगामी आ.ब. २०७३।०७४ को प्रस्तावित नीति तथा कार्यक्रम यस सम्मानित परिषद मार्फत सार्वजनिकिकरण गर्न चाहान्छु ।

## मुख्य नीति तथा कार्यक्रमहरु

गत परिषदवाट पारित आवधिक जिल्ला विकास योजना, जिल्लाको यस पूर्व तर्जुमा गरिएको जिल्ला विकास योजना, राष्ट्रिय योजना आयोग र मन्त्रालयवाट प्राप्त मार्गदर्शन, स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा तत् सम्वन्धि नियमावली २०५६, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, दिगो विकास लक्ष्य र विभिन्न विषयगत कार्यालयहरुका लागि प्राप्त कार्यक्रम संचालन सम्वन्धी मागर्दशनहरुले निर्दिष्ट गरेका विषय एवं क्षेत्रहरुलाई सोही अनुरुप कार्यान्वयन गरिने नीति लिइनेछ ।

विगत वर्षहरु देखि निर्माण कार्य भइरहेका सम्पन्न हुन वाँकी क्रमागत योजनाहरुलाई सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सँग जिल्ला विकास समिति वझाङ्गले गरेको कार्यसम्पादन सम्झौता कार्यान्वयन गर्न निम्नानुसारको नीति लिएकोछु ।

- बार्षिक योजनामा समावेश भएका योजनाहरु चौमासिक लक्ष्य अनुसार कार्यान्वयन गरि हरेक आ.व.को फाल्गुण मसान्त सम्ममा ६० प्रतिसत प्रगती हासिल गरि सक्ने नीति लिइने छ ।
- जिल्ला सडक संजाल गुरुयोजना अनुसार प्राथमिकीकरणमा परेका सडक विस्तार निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- जि.वि.स.मा रहेको नागरिक वडापत्रलाई अध्यावधिक गरिने छ । कार्यालयमा सेवाग्राहीको लागि एक वटा Help desk संचालन गरिनेछ ।
- जि.वि.स. कार्यालयमा सार्वजनिक जवाफदेहिताका सूचकहरु सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लैङ्गिक वजेट परिक्षण गर्ने नीति लिइएकोछ ।
- जि.वि.स. वझाङ्गको वेव साईट www.ddcbajhang@gov.np मा जिल्लाका सवै सूचनाहरु प्रविष्ट गरिएका छन, नगरपालिका र गा.वि.स.का सूचनाहरु समेत संप्रेषण गरिनेछन ।
- कार्यालयको भौतिक सम्पती संरक्षण र समुचित उपयोगको लागी सो को अभिलेख,उपयोग र यी Location को उचित व्यवस्था मिलाईने छ ।
- ईन्टरनेटको माध्यमवाट कार्यालयलाई कागज रहित कार्यालय वनाईने तर्फ पहल चालिने छ र ५० प्रतिशत भन्दा वढी गा.वि.स. र नगरपालिकामा इन्टरनेटको पहुँच पुरयाईने छ ।
- जि.वि.स. मा निरन्तर ईन्टरनेट, वाई फाई सुविदा जडान गरिएको छ सोही वाट online आवेदन दिने व्यवस्था मिलाई e -governance को अवधारणा लागु गरिनेछ ।
- राजश्व परामर्श समितिको सिफारिस अनुसार आन्तरिक राजश्व बृद्धिको लागि कार्ययोजना वनाई राजश्व वृद्धिलाई मूख्य प्राथमिकतामा राखि कार्यान्वयन गरिने छ ।
- जिल्ला भित्र रहेका करको दायरामा बृद्धि गरि करको दायरामा आउन वांकी कर दाताहरुलाई करको दायरामा ल्याईनेछ र जि.वि.स. को सकृयतामा व्यवसाय कर नक्सांकन गरि गा.वि.स.र न.पा.को व्यवसायकर क्रमशः २५, ५० र ७५ प्रतिशत पुरयाईने छ ।
- जिल्लाको यातायात गुरुयोजना वनिसकेको छ , सो योजनालाई अद्यावधिक गरि जि.आई.यस.प्रविधी सहित वेव साईटमा समेत राखि जिल्ला भित्र वन्ने सवै सडकहरुको निर्माण र मर्मत संभार सोहि योजना अनुसार गरिने छ ।
- जिल्ला भित्र वनेका सडक, पुल, झोलुंङे पुल, तुईन, कल्भर्ट आदिको लगत बनाई अद्यावधिक राखिने छ । सो लगत रेकर्ड राख्दा जिल्ला भित्रका सडकमा रहेका जग्गाहरुको लगत समेत राखिने छ ।
- जिल्ला यातायात गुरुयोजना र स्थानिय सडक संजालमा परेका सडकको right of way नेपाल रोड स्टान्डर्ड २०७० अनुरुप कायम गर्न सम्वन्धित् निकायसँग आवश्यक समन्वयमा कार्य गरिनेछ ।
- नेपाल सरकारले लागु गरेको भवन संहिता यस जिल्लाको ज.न.पा मा यसै चालु आ.व.वाट लागू भइसकेको छ र विस्तारै गा.वि.स.मा समेत लागू गरिने रणनीति लिइनेछ ।
- बझाङ्ग जिल्लाभित्र नेपाल सरकारवाट निर्माण भएका पूर्वाधारहरु खानेपानी, सिंचाई, सार्वजनिक भवन, सामुदायिक भवन, कृषि, पशुसेवा, उर्जा, जलवायु, वैकल्पीक उर्जा, लघु जलविधुत र नदी नियन्त्रण आदिको लगत पूर्ण प्राथमिकताका साथ अद्यावधिक गरिने छ ।
- जिल्लामा खेलकुद विकासका लागि एक रंगशाला र खेलकुद मैदान नितान्त आवस्यक भएकोले सो निर्माण गरि प्रयोगमा ल्याउने नीति लिइनेछ ।

● जिल्लामा संचालन हुने विकास निर्माणका कार्यहरुको गुणस्तर परिक्षणको लागि गुणस्तर परिक्षण प्रयोगशाला स्थापना गरि सो प्रयोगशालामा प्रमाणित भएका नतिजालाई सार्वजनिक माध्यमवाट प्रसारण गरिनेछ ।

● जिल्लाको विषेश गरि शहरी र व्यापारिक क्षेत्रका सडकहरुमा सडक वत्तीको व्यवस्था मिलाइनेछ ।

● जिल्लाका पूर्वाधार कार्यहरु निर्माण गर्दा IEE, EIA तयार गरी सम्वन्धित निकायको स्वीकृती लिइ कार्य संचालन गर्ने व्यवस्था र वायोईन्जिनियरिङ र रैथाने प्रविधिको प्रयोग गरि कार्य संचालन गरिने छ ।

● जिल्ला भित्र सार्वजनिक भवन, खानेपानी, शौचालय, सडक आदि निर्माण गर्दा अपाङ्ग, महिला र बालमैत्री हुने गरि निर्माण गरिने छ ।

● उपभोक्ता समिति माफर्त संचालन गरिने योजनाहरुको लागत अनुमान, इष्टिमेट, नापी किताव र फरफारक कागजात सम्वन्धि फारमहरु नेपाली भाषामा प्रयोग गरिने छन् ।

● यस जिल्लाको विभिन्न गा.वि.स.र न.पा. वाट सामाजिक शुरक्षा भत्ता प्राप्त गर्ने ब्यक्तिहरुलाई बैंक मार्फत वितरण गर्न पहल चालिने छ । भत्ता प्राप्त गर्नेहरुको विवरण वेवसाईट लगायत अन्य माध्यमबाट समेत सार्बजीक गरिनेछ साथै सोको प्रतिबेदन समेत वेवसाईटमा सार्बजनिक गरिने छ ।

● जिल्ला भित्र सन् २०२४ सम्म सबै प्रकारका  घटना दर्ता (जन्म दर्ता, बिबाह दर्ता, बसाइ सराई, मृत्यु दर्ता र सम्बन्ध विच्छेद) को चुस्त दुरुस्त अभिलेखीकरण राखी वार्षिक रुपमा अद्यावधिक गरिनेछ सो का लागि चेतनामुलक अभियानहरु संचालन गरिनेछन ।

● जिल्ला भित्र उपयुक्त ठाउमा सार्बजनिक पार्क निर्माण गरि व्यवस्थित संचालन ल्याईनेछ ।

● हामीले प्रयोग गर्ने प्लाष्टिक झोलाहरुले वाताबरणीय सरसफाईमा निक्कै प्रभाव पारेको देखिएकोले यस जिल्लाका सवै गा.वि.स.र न. पा.मा प्लाष्टिक झोला रहित गाउँ शहर बनाउन पूर्ण प्रयास गरिने छ ।

● जिल्ला भित्र सवै घर परिवारले वाताबरण मैत्री घर व्यबहार संचालन गर्नको लागि प्रेरित गरिने छ, जस्ले गर्दा यस जिल्लामा वाताबरण मैत्री आधारभूत सूचकहरु पुरा गर्न सहयोग पुग्ने छ ।

● जि.वि.स.वाट सम्वन्धित कार्यालयसँग र संघ संस्थाहरुसँग समन्वय गरी एक गाउं एक नर्सरीको निर्माणको लागि पहल गरिने छ ।

● जिल्ला भित्रको फोहोर मैला व्यबस्थापनको लागि सवै गा.वि.स. र न.पा.मा ल्याण्डफिल साईट स्थापना गर्न लगाइने छ । जसवाट फोहोर रिसाईकिलिङ र प्रसोधन गर्न सजिलो हुनेछ ।

● जि.वि.स., सवै गा.वि.स. र न.पा.को न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यलाई व्यवस्थित वनाइ कार्य सम्पादन मापनमा कम्तिमा ८० प्रतिसत भन्दा बढी अंक ल्याउन पहल गरिनेछ ।

● जिल्ला भित्र कार्य संचालनमा रहेका सवै बिषयगत कार्यालयहरु, गैसस र अन्य सरोकारवालासँग समन्वय गरि चौमासिक रुपमा वैठकहरु संचालन गरिने छन् ती वैठकहरु सहभागिता मूलक योजना तर्जुमा, योजना कार्यान्वयन र जिल्लाको आवधिक र बार्षिक योजनाका लक्ष्यहरु पुरा गर्ने थलोको रुपमा सक्रिय गरिनेछन् ।

● यसै चालु आ.व.भित्र देउलेक गा.वि.स.लाई वालमैत्री गा.वि.स. घोषणा गर्ने र आगामी आ.व.मा थप ३ वटा गा.वि.स. लाई वालमैत्री गा.वि.स.घोषणा गर्ने लक्ष्य लिइएकोछ । सो कार्यलाई घनीभूत रुपमा सफल पार्न आवश्यक नीति, कार्यक्रम र वजेट व्यवस्थापन गरिनेछ ।

● नागरिक सचेतना केन्द्रको संख्यामा विस्तार गरी एक गा.वि.स.मा २ वटा नागरिक सचेना केन्द्र रहने नीति लिइनेछ । यस कार्यमा सहयोग गर्नको लागि ग्रामीण पुर्ननिर्माण संस्था नेपालको सामुदायिक विकास कार्यक्रमले जिल्लाका १० वटा गा.वि.स.मा एक वडामा २ वटा नागरिक सचेतना केन्द्र गठन गर्ने कार्य प्रारम्भ गरेकोछ ।

● स्थानीय द्वन्द घटाउनको लागि सामुदायिक मेलमिलाप केन्द्र मुख्य आधार भएकोले एउटा गा.वि.स.मा एउटा मेलमिलाप केन्द्र गठन र संचालन गर्ने नीति लिइनेछ ।

● जिल्लाका सबै गा.वि.स. र न.पामा  भू-उपयोग योजना कार्यान्वयन गर्न हरेक बर्ष कम्तिमा एक देखि तिन गा.वि.स.मा भू उपयोग योजना बनाई कार्यान्वयनमा ल्याईने छ ।

● बझाङ्ग जिल्ला ऐतिहासिक पृष्ठभूमी भएको स्थल हो । यहांको ऐतिहासिक बिषयवस्तुहरु र स्थलको पहिचान गरि सोलाई शिलामा लेखाई पर्यटकहरुको आवागमनको स्थलको रुपमा पहिचान गराउन ऐतिहासिक स्थलहरुको

संरक्षण, पर्वद्धन र प्रचार प्रसार गरिनेछ साथै पर्यटकिय पूर्वाधारको लागि जिल्लामा पर्यटकिय सूचना केन्द्र, भ्यू टावर, पर्यटन मार्ग, ट्रेकिङ टेल र ताल तलैया संरक्षण गर्ने नीति लिईने छ ।

● घरेलु तथा साना उद्योग कार्यालयका साथै सो संग सम्वन्धित संघ संस्था संग समन्वय गरि cost effective housing तालिम यस जिल्लाका सबै गा.वि.स. र न.पा मा दिन लगाई भवन निर्माण गर्न लगाईने छ ।

● सरकारको एक ठाउं एक उत्पादनको अवधारणालाई साकार रुप दिन यस जिल्लाको एक गा.वि.स.तथा न.पा. मा एक बस्तु उत्पादन कार्यक्रम कार्यान्वयन गरि जिल्ला सदरमुकाममा एक सार्बजनिक वा निजी कोशेली घरबाट गा.वि.स. र न.पा. को पहिचानको बस्तु बिकि गर्ने नीति लिईने छ ।

● जि.वि.स. को पेश्कि र बेरुजु शुन्यको अबस्थामा झार्न पूर्ण प्रयत्न गरिने छ साथै यस कार्यालयको खरिद कार्यलाई व्यबस्थित गर्न बार्षिक खरिद योजना बनाई खरिद गर्ने नीति लिइने छ ।

● यस कार्यालयबाट हुने गरेका विकास निर्माणका कामहरुको अनुगमन र मूल्याङकनलाई प्रभावकारी बनाउन नियमित रुपमा सघन अनुगमन गरि web based अनुगमन रिपोर्टिङ सिस्टम संचालनमा ल्याईने छ र सार्बजनिक गरिने छ ।

अन्त्यमा, योजना तर्जुमा तथा नीति निर्माण प्रक्रियामा हाम्रो अर्थपूर्ण सहभागीता, समन्वय, सहकार्यलाई निरन्तरता दिदै कार्यान्वयन र अनुगमनमा समेत प्रभावकारीता र पारदर्शीता रहन सके अपेक्षित नतिजा हासिल गर्न सकिने कुरामा दुइमत नरहेने व्यहोरा विदितै छ । जिल्ला विकास समितिलाई मार्गनिर्देशन तथा सुझावका लागि आफ्नो कार्यव्यस्तताको वावजुद पनि हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि माननीय साँसद लाल वहादुर रावल ज्यू, विशिष्ठ अतिथि माननीय साँसद ज्यूहरु, विशेष अतिथि ज्यूहरु, अतिथि ज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, प्रमुख जिल्ला अधिकारी ज्यू, विषयगत कार्यालयहरुका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, गैरसरकारी संघसंस्थाहरु, संचार तथा पत्रकार मित्रहरु, नागरिक समाज, सबै जिल्लावासीहरु, जिल्ला विकास समितिका सम्पूर्ण कर्मचारीहरु लगायत यस जिल्लाको विकास निर्माणमा सहयोग पु-याउने दातृनिकाय, समाजसेवी, वुद्धिजीविहरुप्रति जिल्ला विकास समितिको तर्फवाट हार्दिक कृतज्ञता ज्ञापन गर्दै निरन्तर सहयोगको अपेक्षा समेत गर्दै जिल्ला विकास समिति बझाङ्गको आगामी आ.व. २०७३/०७४ को नीति, कार्यक्रम तथा बजेटको सार्वजनिकीकरणको प्रस्तुती यही अन्त्य गर्दछु ।

धन्यवाद ।

मितिः २०७२ फाल्गुण १२ गते

सूर्य प्रसाद गौतम
निमित्त स्थानीय विकास अधिकारी